# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## सिंहदरवार, काठमाडौं

## कोभिड १९ महामारीको समयमा कृषि क्षेत्रले अपनाउनुपर्ने सुरक्षा मापदण्ड (Protocol)

*स्वीकृत मितिः २०७७/०३/१९ (मा.मन्त्रिस्तरीय)*

विश्वव्यापी महामारीको रुपमा कोभिड १९ रोग देशभर फैलिएको छ । नेपालमा कोभिड १९ रोगको संक्रमण कम गर्न अन्य विकल्पका अतिरिक्त देशव्यापी बन्दाबन्दी (Lockdown) कार्यान्वयनमा रहेको छ। बन्दाबन्दी (Lockdown) को अवधिमा तथा बन्दाबन्दी नरहेको अवस्थामा पनि कृषि कर्मलाई नियमित नराखे निकट भविष्यमा खाद्य तथा पोषण असुरक्षाको अवस्था आउनसक्ने सम्भावना रहेको तथा कोभिड-१९को संक्रमण जोखिम पनि हुने भएकोले सतर्कता अपनाउन आवश्यक छ। यसै सम्बन्धमा मिति २०७७/०२/२८ गतेको मन्त्रिपरिषदको निर्णय अनुसार कृषि तथा पशुपन्छी क्षेत्रका गतिविधिहरु जस्तै कृषि प्रसार सेवा, पशु सेवा, कृषि, पशुपन्छी तथा मत्स्य उत्पादन, प्रशोधन तथा सामग्री व्यवस्थापन, बजार संचालन तथा बजारीकरण, खाद्य उत्पादन तथा बिक्रीवितरण, र अनुसन्धान लगायतका कार्यहरु सुरक्षित तवरले नियमित रुपमा संचालन गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यो प्रोटोकल स्वीकृत गरी लागू गरेको छ।

### १. सार्वजनिक सेवा प्रवाहमा अपनाउनु पर्ने प्रोटोकल

- कार्य जिम्मेवारीलाई पुन: वर्गीकरण गर्दै कार्यालय प्रमुखले कर्मचारीको आलोपालो (shift) मिलाई कार्यालयको सेवा संचालन गर्ने ।
- कर्मचारी आवागमनको लागि आवश्यकता अनुसार सवारी साधनहरुको व्यवस्थापन गर्ने।
- कार्यालय प्रवेश गर्न अगाडी (Prescreen Test ) तापक्रम तथा लक्षण पहिचानको व्यवस्था गर्ने ।
- कार्यालयमा उपस्थित हुँदा सामाजिक दूरी (कम्तिमा २ मिटर) को पालना नियमित गर्ने, गुणस्तरीय स्यानिटाइजर र मास्क अनिवार्य प्रयोग गर्ने व्यवस्था मिलाउने।
- कार्यालयमा सेवाग्राहीको भिडलाई व्यवस्थापन गर्न टोकन प्रणालीको अवलम्वन तथा contact tracing का लागि सम्पर्क नम्वर सहितको सेवाग्राही लगबुकको व्यवस्था गर्ने ।
- कार्यालय परिसरको सरसफाईमा विशेष ध्यान दिने। भवन, कार्यकक्ष, कार्यकक्ष भित्रका मेसिनरी, फर्निचर, आदि र प्रयोग गरिएका सवारी साधनहरु निरन्तर सफाई र समय-समयमा निसंक्रमण गर्ने व्यवस्था गर्ने ।
- शौचालयको सरसफाई र शौचालयमा साबुन पानीको व्यवस्था गर्ने ।

- कार्यालयमा Virtual meeting / Video Conferencing, Mobile Apps तथा Digital Marketing Platform को प्रयोगमा बढावा दिने ।
- किसानलाई सेवा प्रदान गर्न Dedicated Telephone Number को व्यवस्था गर्ने तथा सम्पर्क अधिकृत तोकी सम्भव भए सम्म विद्युतीय सेवा प्रदान गर्ने।
- संक्रमण हुने सम्भावना भएको क्षेत्रमा अग्रभागमा काम गर्ने, Prescreen Test मा संलग्न कर्मचारी तथा विषादी अवशेष द्रुत विश्लेषण इकाईमा कार्यरत कर्मचारीहरुको लागि अनिवार्य रुपमा गुणस्तरीय व्यक्तिगत सुरक्षा सामग्री (Personal Protective Equipment) को व्यवस्था गर्ने/गराउने।
- कार्यालयमा रहेको क्यान्टिनको प्रयोगलाई निरुत्साहित गर्ने, प्रयोग गर्नुपर्ने अवस्था भएमा सुरक्षात्मक विधिहरु अपनाई संचालन गर्ने।
- कोभिड १९ को शंका लागेमा माथिल्लो तहको कर्मचारीलाई जानकारी गराउने तथा तत्काल परिक्षण गरी चिकित्सकको निर्देशन अनुरुप गर्ने गराउने।
- कर्मचारीहरु अत्यावश्यक कामको शिलशिलामा बाहिरी जिल्ला जानु परेमा सम्बन्धित जिल्ला प्रशाशन कार्यालयबाट अनुमती लिई स्वास्थ्य सुरक्षाको उपाय अवलम्बन गर्दै सम्भव भएसम्म चार पांग्रे सवारी साधनको प्रयोग गर्ने।
- महामारी ग्रस्त क्षेत्रमा गएको वा जानु पर्ने भएमा फर्किएपछि कम्तिमा १४ दिन छुट्टै कोठामा (Home Quarantine) मा बस्नु पर्ने व्यवस्था कार्यान्वयन गर्ने वा नेपाल सरकारले संक्रमणको परिस्थिति हेरी जोनिंग (Zoning) गरेमा सोहि अनुसार गर्ने गराउने।
- पशुपन्छी रोग अन्वेषण प्रयोगशालामा कोभिड १९ को परिक्षण कार्य समेत भैरहेकोले विश्व स्वास्थ्य संगठन तथा विश्व पशुस्वास्थ्य संगठनले निर्धारण गरेको मापदण्ड अनुसार बायोसेफ्टी अपनाई रोग निदान सेवा संचालन गर्ने र नियमित तथा आकस्मिक रोग निदान, आकस्मिक रोग नियन्त्रण, पूर्व तयारी तथा सर्भिलेन्स कार्यक्रम समेत विश्व पशुस्वास्थ्य संगठनले निर्धारण गरेको मापदण्ड अनुसार संचालन गर्ने।
- गुणस्तर परीक्षण तथा नियमन कार्य र भेटेरिनरी क्लिनिकल सेवा प्रवाह गर्ने प्राविधिकले व्यक्तिगत सुरक्षाका सावधानी अपनाई सेवा प्रवाह गर्ने तथा टेलिभेटेरिनरी काउन्सेलिङ्ग जस्ता प्रविधिमार्फत सेवा प्रवाह गर्ने।
- कृत्रिम गर्भाधान तथा पशु नश्लसुधार सेवा प्रवाह गर्ने प्राविधिकले व्यक्तिगत सुरक्षाका सावधानी अपनाई सेवा प्रवाह गर्ने ।कोरोना परीक्षण गर्ने तथा सामाजिक दूरी कायम गरी बिशेष सावधानी र सतर्कताका साथ कार्य सम्पादन गर्ने ।व्यक्तिगत सरसफाई, उपकरणको सरसफाई तथा निसंक्रमण तथा मास्क, पन्जा लगायतका व्यक्तिगत सुरक्षामा ध्यान दिने।
- प्रयोगशाला तथा प्लान्ट, पशुपन्छी र खाद्य क्वारेन्टाइन सेवासंचालनमा सामाजिक दूरी कायम गरी बिशेष सावधानी र सतर्कताका साथ कार्य सम्पादन गर्ने।

- आयात निर्यात बिन्दुमा कार्यरत कर्मचारीहरुले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको **'कोभिड-१९ रोग को महामारीका समयमा आयात बिन्दुमा अपनाउनु पर्ने सुरक्षा बिधि'** अनिवार्य पालना गर्ने।

## २. कृषकले फिल्डमा काम गर्दा अपनाउनुपर्ने प्रोटोकल

- श्रमिक बीच पर्याप्त दूरी (२ मिटर) सुनिश्चित गर्न बाली लगाउने, गोड्ने, काट्ने/उठाउने कार्यको लागि एक व्यक्तिलाई एक एक चक्ला/गह्रा तोकेर काम गर्ने।
- काम गर्दा, विश्रामको समयमा, खाजा वा चिया खाने बेला, आवतजावत गर्दा कम्तिमा २ मिटरको दूरी कायम राख्ने, र व्यक्तिगत सुरक्षार्थ मास्क लगाउने।
- कृषिजन्य कार्यहरूमा मेशिनहरूको प्रयोग गर्न मिल्ने स्थानमा मेशिनको प्रयोग गर्ने, सकेसम्म थोरै मानिसहरू संलग्न हुने। कृषि मेसिनरीहरुको प्रयोगअघि र पछि साबुन पानीले हात धुने। मेशिन लगायतका अन्य सरसामान, उपकरणहरूको प्रयोगमा लैजानुअघि पछि राम्रोसंग निर्मलीकरण गर्ने।
- कृषि कार्य गर्दा एकै दिनमा एकै ठाँउमा धेरै व्यक्ति भेला/संलग्न नहुने।
- कृषि कार्यमा कुनै संदिग्ध वा सम्भावित संक्रमितलाई काममा नलगाउने।
- पशुपन्छी स्याहार गर्दा सुरक्षित तरीकाले काम गर्ने।
- पशुपन्छी फार्ममा कार्य गर्दा छुट्टै लुगा र जुत्ताको प्रयोग गर्ने।
- पशुपन्छीका खोरमा नियमित निसंक्रमण गर्ने।
- पशुपन्छीहरूको स्वास्थ्यको ख्याल गर्ने, पशुपन्छीमा स्वास्थ्य सम्बन्धी कुनै समस्या देखापरेमा सम्बन्धित स्थानीय तहका वा नजिकमा रहेका पशुसेवा प्राविधिक वा भेटेरिनरी अस्पताल तथा बिज्ञ केन्द्रका प्राविधिकसंग सम्पर्क राखी ब्यवस्थापन गर्ने।
- पशुपन्छीसंगको सम्पर्क संभव भएसम्म कम गर्ने र घरपालुवा पशुपन्छीलाई जंगली जनावरको सम्पर्कमा आउन नदिने।

## ३. उत्पादन, प्रशोधन तथा सामग्री व्यवस्थापनमा अपनाउनु पर्ने प्रोटोकल

- उत्पादन तथा प्रशोधनमा संलग्न दैनिक ज्यालादारी कर्मचारीहरुलाई सामाजिक दूरी (कम्तिमा २ मिटर) कायम गर्ने, सावुन पानीले हात धुने व्यवस्था, गुणस्तरिय स्यानिटाइजर र मास्क अनिवार्य प्रयोग गर्ने व्यवस्था मिलाउने।
- दैनिक ज्यालादारी कर्मचारीहरुको व्यवस्थापन गर्दा सानो समूहमा परिचित तथा संक्रमण नभएको समुदायबाट परिचालन गर्ने साथै स-साना समूह बनाई काम गर्ने क्षेत्र विभाजन गर्ने ।
- उत्पादन तथा प्रशोधन कार्यमा प्रयोग भएका, हुन सक्ने सामग्रीको यथोचित रुपमा निसंक्रमण गर्ने व्यवस्था गर्ने।

- कृषि तथा पशुपन्छी फार्म भित्र दैनिक रुपमा आवश्यक पर्ने कर्मचारीहरुलाई फार्म केन्द्र भित्रै आवासको ब्यवस्था मिलाउने।
- दैनिक ज्यालादारी कर्मचारीहरुको खाजा तथा खानाको संभव भएसम्म स्वयं व्यवस्थापन गर्न लगाउने तथा भाडाकुँडाको साझा प्रयोग नगर्ने।
- नियमित ज्यालादारी कर्मचारीहरुलाई कोरोना परीक्षण गराउने तथा उत्पादन तथा प्रशोधन कार्यमा प्रयोग भएका दैनिक ज्यालादारी कर्मचारीहरुको सम्पर्क नम्वर सहितको लगत अद्यावधिक गर्ने।
- सामग्री व्यवस्थापन गर्न समूहगत पद्धतिको अवलम्बन गर्न अभिप्रेरित गर्ने।
- बाहिरबाट खरिद गरिने कच्चा पदार्थ, बोरा, प्लाष्टिक ब्याग, झोला, आदिलाई भण्डारण र प्रयोग गर्नुअघि निसंक्रमण गर्ने।
- कम श्रम लाग्ने प्रविधिको अवलम्वन गर्ने।
- कृषि तथा पशुपन्छी उत्पादन फार्ममा असल उत्पादन अभ्यास अवलम्बन गर्ने।
- जैविक सुरक्षाका उपायहरुलाई कडाईका साथ पालना गर्ने।
- पशुपन्छी तथा मत्स्य फार्महरुमा नियमित सरसफाई तथा निसंक्रमण कार्यहरु गर्ने तथा उत्पादन तथा प्रशोधन कार्यमा प्रयोग भएका, हुन सक्ने सामग्रीको यथोचित रुपमा निसंक्रमण गर्ने व्यवस्था गर्ने र प्रयोग गर्नुअघि किटाणुरहित बनाउन निसंक्रमण गर्ने।
- पशुपन्छीमा नियमित खोप लगाउने तथा परजिवी बिरुद्धका औषधि खुवाउने।
- विश्व पशुस्वास्थ्य संगठनले तोकेको मापदण्ड अनुसार सुरक्षा विधिहरु अपनाई पशुपन्छी तथा मत्स्य उत्पादन र प्रशोधन कार्यहरुका औजार उपकरणहरु प्रयोग गर्न सकिने तथा नियमित सरसफाई तथा निसंक्रमण गर्ने।
- खाद्य उत्पादन तथा बिक्रीवितरणमा सहभागी हुने खाद्य व्यवसायी तथा कामदारहरुले खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले जारी गरेको **'कोभिड –१९ रोगको महामारीको अवस्थामा खाद्य उत्पादन तथा बिक्रीवितरणमा सहभागी हुने खाद्य व्यवसायी तथा कामदारहरुले अपनाउनु पर्ने सावधानी'** अनुसार कार्य गर्ने।

## ४. ढुवानी, बजार संचालन तथा बजारीकरणमा अपनाउनु पर्ने प्रोटोकल

- नेपाल सरकार/प्रदेश/स्थानीय तहले व्यापार, व्यवसाय गर्न खुल्ला गरेका स्थानहरुमा रहेका कृषि, पशुपन्छी तथा मत्स्य उपज बजारस्थलहरुमा सम्वद्ध व्यवसायीहरुले पंजा तथा मास्कको अनिवार्य प्रयोग गर्ने, हातलाई स्यानिटाइज गर्ने, तथा न्यूनतम २ मिटरको सामाजिक दूरी कायम गरी संचालन गर्ने।
- बजारस्थल प्रयोग गर्ने आम उपभोक्ताहरुका लागि ज्वरो नाप्ने Thermal Gun को प्रयोग गरी सो को आधारमा मात्र बजारभित्र प्रवेशको व्यवस्था गर्ने साथै सफा पानी र सावुनले हात धुने वा स्यानिटाइज गर्ने प्रभावकारी व्यवस्था सम्वद्ध बजार व्यवस्थापन समितिले मिलाउने तथा सम्पर्क नम्वर सहित लगत राख्ने।

- सम्वन्धित बजार व्यवस्थापन/संचालन समितिहरुले कोभिड-१९वाट सुरक्षित रहन अपनाउनुपर्ने सावधानीका वारेमा बजारका व्यवसायीहरु तथा आम उपभोक्ता र कृषकहरुलाई नियमित सचेत गराउनु पर्ने।
- कृषकहरुको उत्पादन बजारमा लैजानु अघि तथा व्यवसायीहरुले उत्पादन थलोवाट संकलन गर्दा वा बजारस्थलमा कृषकहरुमार्फत खरिद गर्दा उत्पादित बस्तुको यथोचित सरसफाई तथा निसंक्रमणमा विशेष ध्यान दिने। उत्पादन तथा मूल्य श्रृंखलाका हरेक बिन्दुमा सरसफाई, प्रारम्भिक प्रशोधन लगायतका क्रियाकलापहरु गर्दा सुरक्षाका सवै विधिहरु अवलम्वन गर्ने।
- थोक र खुद्रा विक्रीका लागि अलग अलग समय तोकी सोही अनुरुप ठूलो संख्यामा भिडभाड नहुने सुनिश्चित गरी कारोवार गर्नुपर्ने तथा आवश्यक परेमा स्थानीय प्रशासनको समेत सहयोग लिने।
- बजारहरुमा काम गर्ने मजदुरहरुको स्वास्थ्यमा विशेष सजगता अपनाउनु पर्नेछ। त्यस्ता मजदुरहरुलाई सुरक्षाको लागि आवश्यक सवै सामग्रीहरु जस्तै मास्क, पञ्जा, सेनिटाइजरजस्ता सामग्रीहरु आवश्यकता अनुसार नियमित रुपमा उपलव्ध गराउनुपर्ने ।साथै, कोभिड-१९ को शंका लागेमा वा लक्षण देखिएमा बजारमा कार्यरत सबैको परीक्षणको व्यवस्था मिलाउने।
- कृषि, पशुपन्छी तथा मत्स्य उपज तथा खाद्य सामाग्रीहरु किनबेच गर्दा यथासम्भव नगदको कारोबार नगर्ने। किनबेच गर्दा एक व्यक्तिले प्रयोग गरेको मोबाइल वा अन्य उपकरणहरु (ढक, तराजु, आदि) अर्को व्यक्तिले यथासक्य प्रयोग नगर्ने। प्रयोग गर्न परेमा निसंक्रमण गरेर मात्र प्रयोग गर्ने।
- कृषि, पशुपन्छी तथा मत्स्य उत्पादन स्थलमा उत्पादित वस्तुको संकलनका लागि जाने वा अन्य स्थान/मुलुकवाट ढुवानी गरी कृषि उपजहरु बजारमा ल्याउन प्रयोग गरिने ढुवानीका साधनहरुलाई निसंक्रमण गर्नुपर्ने साथै सो ढुवानीको साधन चलाउने चालक तथा सह चालकको समेत सुरक्षाका लागि उचित प्रवन्ध मिलाउनु पर्ने।
- घर-घरमा तरकारी, फलफूल, माछा, मासु, अन्डा, दुग्ध तथा अन्य खाद्य सामाग्रीहरु डेलिभरी गर्ने व्यक्तिको निरन्तर कोरोना परीक्षण गरिएको हुनुपर्ने। ढुवानी गर्ने साधन, टोकरीहरुको नियमित निसंक्रमण भएको हुनुपर्ने।
- अन्यत्र मुलुकवाट आएका कृषि, पशुपन्छी तथा मत्स्य उपजहरुको आवश्यकता अनुसार जोखिम विश्लेषण गरी बजारमा आपूर्ति गर्ने व्यवस्था मिलाउनु पर्ने।
- कृषि, पशुपन्छी तथा मत्स्य उपज बजारस्थलमा अनधिकृत व्यक्तिको प्रवेशलाई कडाईका साथ निषेध गर्ने।

**माथि उल्लेखित सावधानीका अतिरिक्त नेपाल सरकारले कोभिड १९रोगको संक्रमण नियन्त्रण सम्बन्धमा गरेका/गरिने आदेश, निर्देशन तथा सावाधानी समेत अनिवार्य रुपले परिपालना गर्ने/ गराउने।**